स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



२०४६ सालको परिवेशमा निर्माण भएको फिल्मले जातीय विभेदविरुद्ध तीन पात्रले गर्ने संघर्षको कथा भनेको छ । यही जेठ १० गते 'बुद्ध जयन्ती' बाट प्रदर्शनमा आउन लागेको यो फिल्मका लागि आर्यनले १० केजी तौल घटाएका थिए । निर्देशक दिनेश राउतले उनलाई तौल नघटाएसम्म फिल्मै नबन्ने अडान राखेका रहेछन् । त्यसपछि उनले दुई महिनामै ८३ केजीबाट ७३ केजी तौल बनाए ।


**आजको विचार...**



रास्वपा...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल

'एक्सन स्टार' विराज भट्टका छोरा समीर भट्ट फिल्म 'बलिदान'बाट डेब्युको तयारीमा थिए। तर, यो फिल्मको सेट डिजाइन र अन्य प्राविधिक कारणले निर्माणमा ढिलाई हुने भएपछि उनले पिताको फिल्म '१२ गाउँ' बाट डेब्यु गरेका छन्। ललितपुरस्थित हात्तीबनमा फिल्मको शुभमुहूर्त गर्दै छायांकन सुरु गरिएको छ। फिल्मका लागि पहिलो दृश्य समीरको खिचिएको जनाइएको छ। सनिशाले दर्जनौं म्यूजिक भिडियोमा काम गरिसकेकी छन् भने न्यान्सी पूर्वमिस नेपाल इन्टरनेशनल हुन्।



❒ वर्ष २९ ❒ अंक २९१ ❒ २०८१ जेठ ८ गते मंगलबार 21 May 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सुन लुटपाट गर्ने दुई पक्राउ



**काठमाडौं,** जेठ ७/ नेपाल प्रहरीले बूढानीलकण्ठ क्षेत्रमा सुन लुटपाट गर्ने दुई जनालाई पक्राउ गरेको छ । प्रहरी वृत्त महाराजगञ्जको टोलीले बूढानीलकण्ठ नगरपालिका-२ विएमसी स्कुल र माथिल्लो भङ्गाल क्षेत्रमा महिलाले लगाएको गहना लुटपाटमा संलग्न दुईजनालाई आइतबार बूढालीनकण्ठ क्षेत्रबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा रौतहट मौलापुर नगरपालिका-४ का १९ वर्षीय सरोजकुमार शाह र सोही स्थानका २० वर्षीय राधेश्याम शाह रहेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले विएमसी स्कुल नजिक ७५ वर्षीया शारदा थापाको एक तोला ९२ लाल सुन लुटपाटमा सरोजकुमार र माथिल्लो भङ्गालमा सुमित्रा श्रेष्ठको सुन लुटपाटमा संलग्न राधेश्यामलाई पक्राउ गरिएको जानकारी दिए ।

प्रहरीले पक्राउ परेका दुवैजनालाई चोरी तथा डाँकासम्बन्धी कसुर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता अधिकारीले बताए । *-रासस*

# गुमेको आँखाको ज्योति फर्काउँदै रिब्दीकोट सरकार

## आँखाको ज्योति फर्कदा दंग जेष्ठ नागरिक

कृष्ण पोखरेल

**पाल्पा,** जेठ ७/ आँखाको ज्योति गुमाएर अन्धकार जीवन बिताइरहेकी रिव्दीकोट गाउँपालिका-२ लघुवाकी विष्णु कुमारी नेपाल अहिले आँखा देख्ने भएकी छन् । नजिकैको स्वास्थ्यचौकीमा सञ्चालित शिविरमा अप्रेसन गरेपछि उनले आँखा देख्न थालेकी हुन् । 'मलाई २ बर्ष अघि नै मोतियाविन्दु भएको थियो, गाउँपालिकाले वडामै आँखा शिविर राख्यो, आँखा जचाँए, गाउँपालिकाले निशुल्क अप्रेसन गरिदिएकाले अब दुबै आँखाले देख्ने भएकी छु' नेपालले भनिन् । आँखाको ज्योति फर्किएपछि उनी दंग छिन् । 'अर्को जन्म पाएजस्तो भएको छ,' खुसी हुँदै उनले भनिन् 'फेरी आँखा देखिन्छ भनेर सोचेको थिइन् । संसार देख्न पाउँदा सारै खुसी लागेको छ ।' लघुवाकै केशवराज नेपालले पनि नि:शुल्क रुपमा मोतियाविन्दुको अप्रेसन गरी आँखा देख्ने भएकोमा जीवनमा धेरै खुसी थपिएको बताए । उनीहरु जस्तै १ सय ३९ जना जेष्ठ नागरिकको शल्यक्रिया गरेपछि आँखाको ज्योति फर्किएको छ ।

यहाँको रिब्दीकोट गाउँपालिकाले वडा वडामा पुगेर शिविरमार्फत मोतियाविन्दुको अप्रेसन गर्दै आएको छ । नि:शुल्क रुपमा अप्रेस



हुन थालेपछि यहाँका नागरिक समेत उत्साहित हुँदै स्वास्थ्यचौकी पुग्ने गरेका छन् । कुसुमखोला स्वाथ्यचौकी भित्र एक हातले लौरो टेकेका, छोरा छोरी आफन्तको सहारामा हिडेका, आँखामा चश्मा लगाएका बृद्ध बृद्धाहरुको भिड नै देखिन्थ्यो । कोही कुर्चीमा बसेका थिए, कोही लौरो टेक्दै छोरा छोरी तथा आफन्तको साथमा स्वास्थ्य चौकिमा आउँदै थिए । जम्मा भएका वृद्धवृद्धाहरु एक आपसमा गफ गर्दै थिए, अब त फेरी संसार देखिने भयो ।

स्वास्थ्य चौकीमा आएका वृद्ध वृद्धाहरु कोही पालो कुर्दै थिए । कोही ब्लड प्रेसर चेक जाँच गर्दै थिए, कोही ल्याव टेष्ट गर्दै थिए । उपस्थित भएका वृद्धवृद्धाहरु अव फेरी नयाँ जीवन पाईने भयो, लुकेको संसार हेर्न पाईने भो भनेर खुसी देखिन्थे । रिब्दीकोट गाउँपालिकाले पालिका भरीका वृद्धवृद्धाहरुलाई संसार देखाउने काम गरेको छ । पालिका भित्र मोतियाविन्दु कारण आखाँ नदेख्ने सबै नागरिकहरुलाई पालिकाले आखाँ देख्ने बनाएको छ । गाउँपालिकाले नेपाल नेत्र ज्योती संघ पाल्पा लायन्स लाकौल आखाँ अस्पतालको सहकार्यमा पालिकाभरीका जेष्ठ नागरिकहरुलाई संसार देखाउने काम गरेको हो । गाउँपालिकाले सबै वडाका बस्ती-बस्ती टोल-टोलमा पुगी आँखा शिविर सञ्चालन गरेर मोतियाविन्दु रोग लागेका सबै विरामीहरुलाई दुई दिने शिविरमार्फत नि:शुल्क रुपमा अप्रेसन गरी गुमेको आखाँको ज्योती पुन फर्काएर संसार देख्ने बनाएको हो । 'गाउँपालिकाका जनतालाई हाम्रो साथमा स्थानीय सरकार छ भन्ने प्रत्याभूति दिलाउने हो, सोही अनुसार म बनाउछु मेरो रिब्दीकोट अभियान अन्तर्गत पाल्पा लायन्स लाकौल आँखा अस्पतालसँग सहकार्यबाट एउटै अभियानमा ५ हजार २ सय भन्दा बढी नागरिकहरुको आखाँ जाँच गरेर उनीहरुलाई आवश्यकता अनुसारको उपचार गरेको छौं १ सय ३९ जनाको नि:शुल्क अप्रेसन गरिएको छ' पालिका अध्यक्ष नारायण बहादुर कार्कीले भने । पालिकाले आँखा अप्रेसन गर्ने जेष्ठ नागरिक तथा विरामी कुरुवालाई घर-घरबाट ल्याउने लैजाने, खान बस्नको नि:शुल्क व्यबस्था गरेको र छुटेका अप्रेसन गर्नुपर्ने आखाँका विरामीहरुलाई तानसेन तथा भैरहवा पठाउने व्यवस्था समेत रहेको पालिका उपाध्यक्ष कान्ता अधिकारीले बताईन ।

जनहितको लागि पालिकाको यो निकै महत्वपूर्ण काम हो । आधारभुत स्वास्थ्य सेवा नि:शुल्क पाउनु पर्छ भनि संविधानको मूल भावना अनुसार एकै पटक पालिका भरीका ५२ सय व्यक्तिले आँखाको उपचार सेवा पाएका हुन । अभियानले नागरिकहरुलाई स्थानीय सरकार भएको अनुभुती भएको प्रमुख प्रशासकीय अधिकृत लेखनाथ पोखरेलले बताए । पालिकाभरीका जनतालाई आँखा देख्ने बनाउन, सबैलाई संसार देख्ने बनाउन सिङ्गो पालिकादेखी सबै वडाका स्वास्थ्यकर्मी, महिला स्वयमसेविका निरन्तर दुई महिनादेखी गाउँघरमा खटियौ, सबैका घर-घरमा पुग्यौ र आज आँखा नदेख्ने १३९ जनाको शल्यक्रिया गरेर आँखा देख्ने बनाउन सफल भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीले बताए । **...बाँकी अन्तिम पेजमा**

## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण सिर्जना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौ,
- बालबालिकाको आत्मविश्वास र सिर्जनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# विपक्षीको अवरोधबीच प्रधानमन्त्री दाहालले पाए विश्वासको मत

**पाल्पा,** जेठ ७/ काँग्रेसको अवरोधका बीचमा प्रधानमन्त्री पुष्पकमल दाहालले चौथो पटक विश्वासको मत पाएका छन् । तेस्रो कार्यकालमै प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाबाट सोमबार चौथो पटक विश्वासको मत लिएका हुन् ।

उनको पक्षमा १५७ मत खसेको छ । त्यस्तै प्रधानमन्त्री दाहाललाई मत दिन्न भन्नेमा १ मत परेको सभामुख देवराज घिमिरले सदनलाई जानकारी दिएका थिए । एमाले, माओवादी, रास्वपा, जनमत, जसपा र नाउपाका सांसदहरुले पक्षमा मत दिएका थिए । प्रस्तावमा मत दिन्न भन्ने पक्षमा एक मत परेको थियो । अन्य दलले भने विश्वासको मतको मतदानको प्रक्रियामा भाग लिएका थिएनन् । सरकारमा सहभागी जनता समाजवादी पार्टी नेपालले गत बैशाख ३१ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले



पुन: विश्वासको मत लिनुपर्ने भएको थियो । प्रचण्डले पछिल्लो पटक २०८० फागुन ३० गते विश्वासको मत पाएका थिए । उनले आफूलाई प्रतिनिधिसभामा तेस्रो पटक विश्वासको मतका लागि पेश गरेको प्रस्तावको पक्षमा १५७ मत र विपक्षमा ११० मत खसेको थियो । प्रधानमन्त्री प्रचण्डलाई नेकपा एमाले,माओवादी केन्द्र, रास्वपा, जसपा, नेकपा एकीकृत, नागरिक उन्मुक्ति र तीनजना स्वतन्त्र सांसद (प्रभु साह, अमरेश कुमार सिंह र योगेन्द्र मण्डल) ले विश्वासको मत दिएका हुन् । यसअघि प्रधानमन्त्री दाहालले फागुन ३० गते विश्वासको मत लिएका थिए । तेस्रो पटक विश्वासको मत लिँदा दाहालको पक्षमा १५७ सांसद थिए । २०७९ मंसिरको प्रतिनिधिसभा निर्वाचनपछि दाहाल नेतृत्वमा २०७९ पुस १० मा सरकार गठन भएको थियो । एमाले, रास्वपा, राप्रपा, जसपालगायत दलहरू संलग्न सरकारको नेतृत्व गर्दै दाहालले पहिलो पटक प्रतिनिधिसभाबाट २०७९ पुस २६ मा विश्वासको मत लिएका थिए । त्यतिबेला प्रतिपक्षको बेन्चमा बसेको कांग्रेससमेतले दाहाललाई विश्वासको मत दिएको थियो ।

चैथो पटक विश्वासको मत पाएका प्रधानमन्त्री प्रचण्डले विपक्षीले संसद अवरुद्ध गरेको भन्दै यसको मूल्य चुकाउनु पर्ने चेतावनीसमेत दिएका छन् । नेपाली काँग्रेसले प्रतिपक्ष दललाई पेलेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विश्वासको मत लिएकोप्रति आपत्ति जनाएको छ ।

**...बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## विपद् व्यवस्थापनमा पूर्व तयारी गर

प्राकृतिक विपद् बाजा बजाएर आउँदैन । यो कति बेला आउन्छ भन्ने कुनै पूर्व अनुमान गर्न सकिदैन । तथापी विपद् प्रतिकार्य योजना बनाएर तयारी अवस्थामा रहने हो भने विपद्बाट हुन सक्ने क्षतिबाट केही हदसम्म बच्न भने सकिन्छ । विशेष गरी बर्खा र खडेरीको समयमा सबै भन्दा बढी प्राकृतिक विपद्का घटना हुने गर्दछन् । अब बर्खा सुरु हुन थालेको छ । यो समयमा बाढी, पहिरोका घटनाहरु हुने गर्दछन् । नेपालको मौसम विज्ञान विभाग तथा सम्बन्धित सबैले यस वर्षाको मनसुनमा मुलुकका अधिकांश स्थानमा बढी वर्षा हुने प्रक्षेपण गरिसकेका छन् । वर्षा अत्यधिक हुने र तापक्रम पनि बढ्ने भएकाले मौसमी प्रकोप सोचेभन्दा धेरै हुने देखिन्छ । यसका लागि अहिलेदेखि नै तयारी गर्नु जरुरी छ । सरदर वर्षाले मुलुकभर विपद् निम्त्याउने देखिन्छ । भू-क्षय, बाढी, पहिरो, घाम, हावाहुरी तथा असिनाको प्रकोप धेरै निम्तने देखिन्छ । यसका साथै मुलुकका अधिकांश स्थानमा अधिकतम वर्षा साबिकको भन्दा ३५ देखि ६५ प्रतिशतसम्म बढ्ने भनिएको छ । यसले वर्षाको मौसम नेपाली जनजीवनका लागि कष्टदायी हुने संकेत गरिसकेको छ । यो कष्टविरुद्ध लड्न र बच्नका लागि बेलैमा चनाखो हुनुपर्छ ।

यस वर्ष मुलुकभर डढेलो लागेका कारण पनि बाढी र पहिरोको जोखिम अत्यन्तै उच्च छ । तर, मनसुन नजिकिँदै गर्दा पनि सरकारले सम्भावित जोखिमबाट बच्न केही तयारी गरिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो । हरेक वर्ष पहाडमा बाढी, पहिरो र तराइमा डुबान हुने गरेका घटना विर्सिन सकिदैन । तर पनि यस्ता विपद्बाट कुनै पनि सरकारले पाठ सिक्न सकेका छैनन् । हरेक वर्ष हुने यस्ता घटनाको एकपछि अर्को अनुभवबाट सुरक्षात्मक विधि अपनाउन सकिने भए पनि सरकारको त्यसतर्फ ध्यान जान नसक्नु विडम्बनाको कुरा हो ।

कुनै व्यक्ति वा समुदाय प्राकृतिक प्रकोपको चपेटामा परेर जन-धनगुमाउन नपरोस् भन्नको लागि पूर्वतयारी अत्यावश्यक हुन्छ । पूर्व तयारीमा विशेष ध्यान दिन सकेमा विपद्बाट हुने क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ । यसर्थ तीनै तहका सरकारले विपद् व्यवस्थापनको पूर्व तयारी गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

छोटो जिन्दगी अनि लामो कथा,
मुहारको हाँसो अनि मनभरि भविष्यको चिन्ता ।
*(सम्झनापरिवारकोफेसबुकस्टाटस https://www.facebook.com/samjhana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रास्वपा र सहकारीप्रतिको गिर्दो जनविश्वास



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*आमनागरिकको समस्यासँग सम्बन्धित विषय भएर हो की ? सहकारीको रकम अपचलन र ठगी सम्बन्धी आरोपलाई निराकरण गर्न नसक्दा उदाउँदै गरेको रास्वपालाई सबै भन्दा बढी हानि पुऱ्याएको छ । पुराना राजनीतिक दलको कार्यशैलीबाट बाक्क र दिक्क भएका आम मतदाताहरुमा छाएको आश निराशामा परिणत भएको छ । नयाँ पनि पुराना भन्दा केहि कम रहेन छन् । उनीहरु भन्दैछन् रास्वपा पनि नयाँ बोतलको पुरानो रक्सिनै रहेछ । बेथिती र विभिन्न काण्डमा मिसिएका सभापतिकै कारण सिंगो पाटी लाईनै ठूलो क्षति पुगेको अनुमान लगाउन सकिन्छ । नागरिक चिया गफमा भन्दै छन् यो पनि तत्कालीन राप्रपा नेपाल जस्तै बर्खाको च्याउँ झै जसरी आयो त्यसरी नै हराउने भयो ।*

चिन्ता रास्वपाको होइन, चिन्ता आमनागरीकसँग सरोकार राख्ने सहकारीको हो । जसको सम्बन्ध तल्लो सिमान्तकृत वर्ग जसले सानो पुँजी बचत गर्ने र परिचालन गर्ने हैसियत राख्दछन् । ती वर्ग जसको नेपालको राजनीतिमा ठूलो पहुँच पनि राख्दैनन् । उनीहरुको पहुँच धेरै माथिसम्म नभएकै कारण सहकारी समस्या समाधान पेचिलो बन्दै गएको पुष्टि हुन्छ भने चुनाव आईनसकेको र भोट तत्काल नचाहिने भएकाले सरकारमा संलग्न दलहरुले समस्या समाधानमा खासै चासो देखाएको देखिदैन् । रास्वपा सभापति र सहकारीको समस्याबिच जटिल मुद्दा बन्दै गएका कारण रास्वपा र सहकारीलाई जोड्ने प्रयास यहाँ गरिएको छ भने पुराना राजनीतिक दल र तिनका नेतृत्वले देश विकास र जनताको जीवनस्तरमा सुधार गर्न सकेनन् । यीनीहरुबाट केहि हुँदैन् भन्ने मूख्य उद्देश्यका साथ गत निर्वाचनमा अप्रत्यासित रुपमा उदायको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका एक पछि अर्को काण्डका कारण यसले उनलाई मात्रै होइन सिंगो राष्ट्रिय स्वतन्त्र पार्टी माथि नै विभिन्न प्रश्नहरु सिर्जना गरेको देखिन्छ । यहि कारण जुन हिसावमा अगाडि बढ्दै गरेको रास्वपालाई त हानी पुऱ्यायो नै त्यो भन्दा बढी अधिकाश जनताको बैंक र साथीको रुपमा विकास भएको सहकारी क्षेत्रलाई परेको देखिन्छ । जनमानस भन्दैछन् दु:ख गरेर एक/एक रुपैयाँ गरेर सहकारीमा जम्मा गरेको वचत कतै अपचलन हुने त हैन । घर न घाटको बन्नु पर्ने त होइन ? सहकारीप्रतिको विश्वासमा प्रश्न उत्पन्न भैरहेको देखिन्छ । जति यो विषयलाई विवादित बनाईन्छ, टुग्याउने प्रयास गरिदैन् यसले सबै भन्दा बढी हानी रास्वपा र देशभर सञ्चालित सहकारीमा नै पर्ने देखिन्छ । यहाँ यसैसँग सम्बन्धि विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**No not again** , पुराना दल र नेताबाट देश बन्दैन् ,पुरानाले देशलाई यो अवस्थामा पुऱ्याए अब यीनीहरुलाई दोहोऱ्याउनु हुँदैन् भनेर मत मागेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले आंशिक विश्वास गरेको देखिन्छ । जब यो दल ती नारा बिर्सदै पुराना राजनीतिक दलसँग मिलेर सत्ता केन्द्रित दलदलमा फसन पुग्यो, जनताबाट विश्वास र भरोसा पनि गुमाउदै गयो । अनि निरन्तरता पायो राजनीतिक अस्थिरता र सरकार परिवर्तनले त्यस माथि दलकै नेतृत्व कर्ता वा सभापति माथि एक पछि अर्को आरोप लाग्नु र त्यस आरोपलाई निराकरण गर्न नसक्नुले उनको चर्को भष्ट्राचार र बेथिती विरुद्धको नारा र भाषण, नारा र भाषणमै सिमित रहयो भने जनताको विश्वासमा थप ह्रासमा सहयोग पुगेको देखियो । चौथो शक्तिमा पुऱ्याएका जनताले जुन आशा र अपेक्षा राखेका थिए छोटो अवधिमै निराशामा परिणत हुन् पुग्यो । बिहानले दिउँसोको झल्को दिन्छ भने झै इलामको उपनिर्वाचनमा जमानत जफत हुनुले यो कुरालाई पुष्टि गरिदिएको भन्दा दुईमत नरहला । आमनागरिकको समस्यासँग सम्बन्धित विषय भएर हो की ? सहकारीको रकम अपचलन र ठगी सम्बन्धी आरोपलाई निराकरण गर्न नसक्दा उदाउँदै गरेको रास्वपालाई सबै भन्दा बढी हानि पुऱ्याएको छ भने । पुराना राजनीतिक दलको कार्यशैलीबाट बाक्क र दिक्क भएका आम मतदाताहरुमा छाएको आश निराशामा परिणत भएको छ । नयाँ पनि पुराना भन्दा केहि कम रहेन छन् । उनीहरु भन्दैछन् रास्वपा पनि नयाँ बोतलको पुरानो रक्सिनै रहेछ । बेथिती र विभिन्न काण्डमा मिसिएका सभापतिकै कारण सिंगो पाटी लाईनै ठूलो क्षति पुगेको अनुमान लगाउन सकिन्छ । नागरिक चिया गफमा भन्दै छन् यो पनि तत्कालीन राप्रपा नेपाल जस्तै बर्खाको च्याउँ झै जसरी आयो त्यसरी नै हराउने भयो ।

दोहोरो नागरिकता ,दोहोरो पासपोर्ट जस्ता बेथितीलाई साथ दिएका उनले नागरिकताकै कारण चितवनमा उप-निर्वाचनमा होमिन पर्ने अवस्था सिर्जना गरिदिए । पछिल्लो समय सहकारीको रकम अपचलनको आरोप खेपिरहेको , मिडियाहरुले प्रमाण सहितको समाचार बनाई रहेका, यहि कारण काँग्रेस लगाएतका प्रतिपक्ष दलले संसदीय छानबिनको माग राख्दै संसद अवरुद्ध गरिरहँदा र छानबिन् समिति बनाउन् विभिन्न बहाना देखाउदै स्वयम आरोपिनै टाढीने र सरकारले यस पक्षमा साथ दिनाले रास्वपा प्रतिको विश्वास माथि शंका उत्पन्न गराएको छ । सहकारी पिडितले न्याय नपाउँदा, रकम अपचलनमा आरोपितहरुलाई कारवाहीको दायरामा ल्याउन नसक्दा सहकारी संस्था प्रति नै आम बचत कर्ता र यससँग सम्वद्ध सबैको क्रमश: विश्वासमा कमी आएको देखिन्छ । राम्रो गरिरहेका सहकारीहरु पनि २/४ वटाले रकम अपचलन गर्दा अप्ठयारो अवस्थाको सामना गर्नु परिरहेको छ । संगै मुछिनु परिरहेको छ देशभरका सहकारीलाई । दिन प्रती दिन सहकारीको रकम अपचलका घटनाहरु देशभरबाट दैनिक रुपमा आएको देखिन्छ । यसले स-सानो पुँजी बचतका नाममा जम्मा गरेका बचतकर्तालाई अप्ठयारो अवस्थामा पुऱ्याएको देखिन्छ । सहकारी ठगिमा देशकै गृह मन्त्रीनै मुछिएको आरोप लाग्नु र सञ्चार माध्यमहरुमा प्रमाण आईरहनुले यो विषय झनै जटिल र सहकारी पिडितको पिडा साम्य हुने कुरामा शंका उत्पन्न गराएको देखिन्छ ।

सहकारीको रकम अपचलन र ठगीलाई कारवाही गर्ने कुरा सरकार र सरकारका प्रधानमन्त्रीलाई नखाउ भने दिनभरको सिकार खाउ भने कान्छा बाबुको अनुहार जस्तै भैरहेको छ । यहि कारण सत्ता परिवर्तन हुने भय र दवावमा सरकार र प्रधानमन्त्री प्रचण्ड देखिन्छन् । यहि कारण यो समस्या समाधानमा उनी मौन मात्रै होइन आरोपी गृहमन्त्रीको बचावटमा लागि रहेका छन् । उनी आमजनताको समस्या समाधानमा हैन सत्ता जोगाउन र बाँकी समय प्रधानमन्त्रीकै कुर्सीमा एक अर्कोलाई लडाएर राज गर्ने र आगामी चुनावमा एमालेसँग मिलेर चुनाव सहज जित्ने उद्देश्य बाहेक अरु स्वार्थ उनीमा देखिदैन् । उनी एक प्रकारले केपि ओलीको कारिन्दाको भूमिका निर्वाह गरिरहेको सजिलै अनुमान र विश्लेषण गर्न सकिन्छ ।

**अब के गर्ने त ?**

कुनै अमुक पार्टीको हैन, आम जनतामा चिन्ता बढी रहेको छ । सहकारीको जसले न्यून वर्ग, न्यून आम्दानी भएका नागरिकसँग केन्द्रीत रहेर दैनिक कारोवार गरिरहेको छ । सहकारीको रकमले सबै भन्दा बढी पिडा दिइरहेको छ त्यहि वर्गलाई । सहकारीको रकम अपचलनमा संलग्नलाई कारवाहीको दायरामा ल्याउन अवरोध सिर्जना भएको भने सरकारकै उपप्रधान तथा गृह मन्त्री माथि नै संलग्नको चौतर्फि आरोप लाग्दा यो झनै पेचिलो बनेको छ । पिडितले न्याय पाउनेमा प्रश्न उठेको छ । यहाँ केहि सहकारी सुधार र व्यवस्थापनमा गर्नु पर्ने कदमहरु उल्लेख गर्ने प्रयास गरिएको छ ।

- संसदीय छानबीन समिति बनाउने ।
- सहकारी ठगीमा संलग्नलाई कार वाहीको दायरामा ल्याउने ।
- सहकारी ठगीमा संलग्नलाई राजनीतिक आरक्षणबाट मुक्त गर्ने ।
- देशभरका सहकारीलाई सदस्य संख्या, सेवा क्षेत्र र कारोवारका हिसाबले बर्गीकरण गर्ने ।
- अधिकार सहितको स्वचालित अनुगमन प्रणाली विकास गर्ने ।
- सहकारी व्यवस्थापनमा, नियमन र नियन्त्रणका लागि नीतिगत व्यवस्था गर्ने ।
- सहकारी सञ्चालक र व्यवस्थापकलाई आवश्यक कानुनी व्यवस्था गरी स्वेछाचारीता बन्द गराउने ।
- सहकारीको निगमनमा राष्ट्र बैंकको भूमिका स्थापित गर्ने ।
- स्थानीय सरकारलाई आफ्नो क्षेत्र भित्रका सहकारी व्यवस्थापनका लागि अधिकार प्रत्यायोजन गर्ने ।
- बचत संकलन र ऋण प्रवाहमा आवश्यक मापदण्डको व्यवस्था गर्ने ।
- सहकारीले साधरण सभा, भेला आदिका नाममा मुनाफाबाट गर्ने अधिक खर्चमा नियन्त्रण गर्ने ।
- जुन उद्देश्यले सहकारी स्थापना भएका हुन् त्यही उद्देश्य प्राप्तिका लागि केन्द्रित गराउने ।
- बचत संकलन, बचत परिचालन, ऋण प्रवाह र दैनिक कारोबारमा आवश्यक नियम तथा मापदण्ड बनाउने ।

**निष्कर्ष :**

चिन्ता राष्ट्रिय स्वतन्त्र पार्टीको होइन, चिन्ता देशभरका सहकारी पीडितको हो । चिन्ता कसरी ग्रामीण र दुर्गम क्षेत्रमा वित्तीय संस्थाको भूमिका निर्वाह गरिरहेका सहकारीको साख बचाई राख्ने भन्ने कुरा हो । यहाँ उक्त पार्टीको नेतृत्व संलग्नको विषय उठान भएको कारण सहकारींसँग जोडने प्रयास मात्रै गरिएको हो । पछिल्लो समय विकास भएको सहकारी सम्बन्धी समस्या समाधान गर्नका लागि उठेका आवाज तत्काल सम्बोधन गर्न सकेमा बिशेष गरेर सानो पूजी र गरीब परिवारमा केन्द्रीत सहकारीको घट्दो विश्वासमा कमी आउने देखिन्छ भने सरकारको नीजि क्षेत्र, सरकारी र सहकारी बिचको तीन खम्मे नीति वास्तविकतामा परिणत हुने देखिन्छ । सहकारीको वर्तमान समस्या समाधानको मुख्य हात सरकारमा संलग्न राजनीतिक दल, प्रधानमन्त्री, गृहमन्त्री तथा अन्य राजनीतिक दलमा रहेकोले आ- आफनो ठाउँबाट नैतिकता देखाउन यहि कामना गरौं ।

**(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । | **तुला**: कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा पनि सफलता मिल्नेछ । |
| **वृष** : साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला । | **वृश्चिक** : प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिन्छ । घर परिवार बाट सहयोग पाइनेछ । |
| **मिथुन** : मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ । | **धनु** :परिवारमा मेलमिलाप हुनेछ। जोशजाँगरका साथै समयले राम्रो साथ दिनेछ । |
| **कर्कट** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । व्यवसायबाट लाभ हुनेछ । | **मकर** : अवसरले मानप्रतिष्ठा बढाउनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **सिंह** : कला तथा साहित्यमा रुचि बढ्नेछ । वैदेशिक कार्य अघि बढ्ला । | **कुम्भ** : भकार्यको चर्चा चल्नेछ। रमणीय र सुखद् यात्राको योग छ । |
| **कन्या** : आज सामाजिक सेवा गर्ने अवसर मिल्ने छ । मानप्रतिष्ठा बढाउनेछ । | **मीन** : पारिवारिक भेटघाटमा रमाइन्छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |

## विज्ञान/सूचना प्रविधि

# च्याटजिपिटीको नयाँ संस्करण जिपिटी-४० लन्च

**काठमाडौं,** विश्वमा सबैभन्दा बढी प्रयोग हुने आर्टिफिसियल इन्टेलिजेन्स (एआई) उपकरण च्याटजीपीटीले अब मानिसजस्तै भावनाहरूसँग कुरा गर्न सक्नेछ । च्याटजिपिटीको नयाँ संस्करण, जिपिटी-४०, र्यापिड फायर मोडमा प्राकृतिक आवाज कुराकानीहरू गर्न सक्षम छ ।




यसका साथै यसले प्रयोगकर्ताको भावनात्मक इशाराहरू बुझ्नेछ र सोही तरिकाले प्रतिक्रिया दिनेछ । ओपन एआईको च्याटजिपिटी २०२२ को अन्तमा लन्च भएदेखि निरन्तर अपग्रेड हुँदै आएको छ । अब कम्पनीले आफ्नो नयाँ लार्ज ल्याङ्ग्वेज मोडल (एलएलएम) जिपिटी-४० ल्याएको छ ।

यसलाई अहिलेसम्मकै सबैभन्दा छिटो र शक्तिशाली एआई मोडल भनिएको छ । नयाँ मोडलले च्याटजीपीटीलाई स्मार्ट र प्रयोग गर्न सजिलो बनाउने कम्पनीको दाबी छ। ओपनएआईका चीफ टेक्नोलोजी अफिसर मीरा मुरातीले लाइभ स्ट्रिममा भनिन् कि यसले तपाईंको सबै चीजहरू पुरानो साथी जस्तै सम्झनेछ ।

च्याटजिपिटीको यो नयाँ मोडल डेस्कटप, मोबाइल एप र वेब संस्करण दुवै निस्शुल्क र सशुल्क प्रयोगकर्ताहरूको लागि उपलब्ध हुनेछ । यद्यपि, सशुल्क प्रयोगकर्ताहरूले राम्रो गति र उच्च क्षमता सीमाहरू प्राप्त गर्नेछन् । यसले ५० भाषाहरूलाई समर्थन गर्नेछ ।

यो नयाँ एप बनाउनको लागि एपीआई मार्फत पनि उपलब्ध हुनेछ । जिपिटी-४० ले जिपिटी-४ टर्बोको दोब्बर गतिमा काम गर्छ । कम्पनीले ब्लग पोस्टमा जिपिटी(४० को सबै क्षमताहरू रोल आउट गरिने बताएको छ, तर यसको टेक्स्ट र छवि क्षमताहरू च्याटजिपिटीमा रोलआउट गरिएको छ ।

जिपिटी-४० ले तपाईसँग मानिस जस्तै कुरा गर्न सक्छ । यसलाई प्रयोग गर्दा, तपाईंले एआई बटसँग कुरा गरिरहनुभएको महसुस गर्नुहुने छैन । मेसिन र मानिसबीचको कुराकानीलाई प्राकृतिक बनाउन कम्पनीले जिपिटी-४० लाई धेरै आवाज एक्सेन्ट दिएको छ ।

जिपिटी-४० लाई मानव कम्प्यूटर अन्तरक्रिया बढाउन विकसित गरिएको छ, र एक क्रान्तिकारी एआई मोडेलको रूपमा हेरिएको छ । यसले प्रयोगकर्ताहरूलाई पाठ, अडियो र छविहरूको कुनै पनि संयोजन इनपुट गर्न र उही ढाँचामा प्रतिक्रियाहरू प्राप्त गर्ने विकल्प दिन्छ । यसले जिपिटी-४० लाई मल्टीमोडल एआई मोडेल बनाउँछ ।

ओपन एआईले च्याटजिपिटीको डेस्कटप एप पनि लन्च गरेको घोषणा गऱ्यो । यो एप नयाँ प्रयोगकर्ता इन्टरफेस (युआई) सँग आउँछ । नयाँ एप हाल म्याक प्रयोगकर्ताहरूका लागि उपलब्ध छ र कम्पनीले चाँडै यसलाई विन्डोज प्रयोगकर्ताहरूका लागि पनि लन्च गर्न सक्नेछ ।

ओपनएआईले नोभेम्बर २०२२ मा संसारमा च्याटजिपिटी अनावरण गरेको थियो । यो एआई उपकरणले द्रुत रूपमा लोकप्रियता हासिल गरेको छ । संगीत र कविता लेख्ने देखि निबन्ध लेखनसम्म, च्याटजिपिटीले धेरै कुरा गर्न सक्छ । यो एक संवादात्मक एआई हो । एउटा कृत्रिम बुद्धिमत्ता जसले तपाईंलाई मानव जस्तै जवाफ दिन्छ ।

माइक्रोसफ्ट जस्ता ठूला प्रविधि कम्पनीहरूले ओपनएआईमा १३ अर्ब डलरभन्दा बढी लगानी गरेका छन् । कम्पनीले च्याटजिपिटीलाई आफ्नो सर्च इन्जिन 'बिङ' मा पनि एकीकृत गरेको छ । धेरै कम्पनीहरू पनि च्याटजिपिटी प्रयोग गर्न उत्सुक छन् । यस्तो अवस्थामा, यस एआई आधारित च्याटबोटको प्रयोग आगामी दिनहरूमा अझ फैलिने अपेक्षा गरिएको छ ।

आलोचकहरूले एआईको बढ्दो प्रयोगले मानिसहरूलाई समस्या सिर्जना गर्नेछ । जागिरहरू समाप्त हुनेछन्, मानिसहरूको यसमा निर्भरता बढ्नेछ र सायद एक दिन आउन सक्छ जब मानिसहरूले सोच्ने काम पूर्ण रूपमा एआईमा छोड्नेछन् । सैम अल्टम्यान यो खतरालाई अस्वीकार गर्दैनन्। तर, उनी भन्छन् कि मानव मस्तिष्कको आवश्यकता नपर्ने संसारको कल्पना गर्न गाह्रो छ ।

*-डिसी नेपाल डटकम*

# एप्पलले ल्याउँदैछ पातलो आइफोन



एप्पलले आगामी वर्ष सन् २०२५ मा पातलो आकारको आइफोन ल्याउने योजना बनाएको छ । समाचार अनुसार कम्पनीले आइफोनको पातलो संस्करणको विकास गरिरहेको छ जुन सन् २०२५ मा बजारमा आउन सक्दछ । रोयटर्सका अनुसार एप्पलको पातलो आइफोनको मूल्यचाहिं आइफोन प्रो म्याक्सभन्दा पनि बढी हुनेछ । सन् २०२५ को सेप्टेम्बरमा आइफोन १७ सिरिजसँगै एप्पलले पातलो आइफोन ल्याउने अपेक्षा गरिएको छ । कोड नाम डी २३ बाट एप्पलले आइफोनका विभिन्न डिजाइनहरुको परीक्षण गरिरहेको छ । त्यसमा कम्पनीको सबैभन्दा पछिल्लो पुस्ताको प्रोसेसर ए१९ रहनेछ । यद्यपि यस विषयमा एप्पलले कुनै पनि प्रतिक्रिया नजनाएको रोयटर्सको भनाइ छ । पछिल्लो समयमा चीनमा हुवावे र अनर तथा विश्वव्यापी रुपमा सामसुङसँग तीव्र प्रतिस्पर्धा गर्नु परिरहेको आइफोनमा महत्वपूर्ण परिवर्तन गर्नुपर्ने महसुस एप्पलले गरेको छ । सन् २०२४ को पहिलो त्रैमासिकमा विश्व स्मार्टफोन बजारमा सर्वाधिक हिस्सा सामसुंगले ओगटेको छ । दक्षिण कोरियाली कम्पनीले २०.८ प्रतिशत बजार हिस्सा कब्जा गर्दा दोस्रो स्थानको एप्पलको १७.३ प्रतिशत छ ।

*-अनलाइन खबर डटकम*

# टिकटक बन्द गरेको असर र प्रभाव

नेपाल सरकारले सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाएको ६ महिना भएको छ । यद्यपि टिकटक पूर्णरूपमा बन्द भएको छैन । नियमित रूपले नेपालभित्र टिकटक चल्न छाडेपछि वैकल्पिक उपायको खोजीमा फ्री भीपीएन, प्रोक्सी, ओपन डीएनएस तथा नि:शुल्क एप डाउनलोड गरेर प्रयोगकर्ताले त्यसमा पहुँच राखिरहेका छन् । भीपीएनबाट टिकटकसहित सबैखाले प्रतिबन्धित साइट र एप चलिरहेकै छन् । पछिल्लो समय मानिसहरू इन्टरनेटको प्रयोगमा सरकारले लगाएको सेन्सरसिप वा प्रतिबन्ध छल्नका लागि भीपीएन प्रयोग गर्छन् । सरकारले टिकटक प्रतिबन्ध लगाउनुअघि इन्टरनेट सेवा प्रदायक 'आईएसपी'मार्फत सिधै टिकटकको सर्भरमा प्रयोगकर्ताको पहुँच हुन्थ्यो । भीपीएन प्रयोग गरेका प्रयोगकर्ताको डिभाइसमा कुन सामाजिक सञ्जाल चलिरहेको छ भन्ने आईएसपी 'इन्टरनेट सेवा प्रदायक'लाई थाहै हुँदैन । इन्टरनेट सेवा प्रदायकले प्रयोगकर्ताले भीपीएन प्रयोग गरेको थाहा त पाउँछ, तरके चलाइरहेको छ भन्ने पत्ता लगाउन सक्दैन । यसबाट साइबर आक्रमण र डाटा असुरक्षा निम्त्याउन सक्छ । गलत उद्देश्य राखेर निर्माण गरिएका कतिपय भीपीएनले प्रयोगकर्ताको गतिविधि गैरकानुनी रूपमा निगरानी तथा जासुसी गरेर 'थर्ड पार्टी'लाई डाटा बेच्ने काम गर्छन्रु। त्यसैले भीपीएन चलाइरहँदा त्यसबाट खतरा हुनसक्छ । एउटा मल्टिनेसनल कम्पनी टिकटक बन्दले समाज, राजनीति र भूराजनीतिक अर्थतन्त्र आदिमा ठुलो असर गरिरहेको छ, यसतर्फ सरकारले कुनै विश्लेषण वा अनुसन्धान गरेको छैन । अझ बन्द गर्नुअघि नै यसका सकारात्मक तथा नकारात्मक प्रभावका बारेमा सरकारले अनुसन्धान गर्नुपर्थ्यो ।

टिकटक बन्दको असर टेलिकम कम्पनीहरूमा व्यापक परिरहेको छ । गत २७ कात्तिकमा सरकारले टिकटक बन्द गर्ने निर्णय गरेपछिको पाँच महिनामा मात्रै टेलिकम सेवाप्रदायक कम्पनीहरूको आम्दानी करिब तीन अर्ब रुपैयाँले घटिसकेको छ ।

टिकटक बन्द भएपछि हालसम्म यसको ब्याण्डविथ खपत घटेका आधारमा एनसेललेको मात्रै करिब डेढ अर्ब रुपैयाँ गुमेको सरोकारवाला बताउँछन् । एनसेलले सरकारको नीतिगत व्यवस्था तथा नियामककै कारण पछिल्लो ६ वर्षमा १३ अर्ब रुपैयाँ आम्दानी गुमाएको छ । टेलिकमको डाटा प्रयोगकर्ता एनसेलको भन्दा १० प्रतिशत कम भएकाले १ अर्ब ३० करोडको हाराहारीमा टिकटकका कारण आम्दानी गुमेको छ । एनसेल र टेलिकम दुवै एकै प्रकारको सेवाप्रदायक भएकाले एनसेलको जस्तै टेलिकममा पनि नियमन र सरकारी नीति-नियमका कारण आम्दानीमा असर परेको छ । टिकटकको नि:शुल्क प्रयोगबाट सानो व्यापार 'किराना, फेन्सी, होटल, होमस्टे, क्लिनिक, फार्मेसी, तरकारी, रेस्टुरेन्ट वा ब्युटीपार्लर' फस्टाएको थियो । टिकटकमा गरिएको प्रचारले गर्दा जुनसुकै ठाउँको सामानको बारेमा जानकारी सहजै उपभोक्ताले पाउँथे । यो बन्द गरिँदा देशभरि सेवा र सामान बेच्ने साना व्यापारी तथा खरिदकर्ताको एउटा माध्यम खोसिएको छ । नेपालको प्राकृतिक र सांस्कृतिक विशेषता संसारभर फैलाउनेमा टिकटक पनि एउटा बलियो आधार थियो । पछिल्लो समय नेपाल आउने पदयात्री, पर्वतारोही तथा अन्य पर्यटकले टिकटकबाट जति प्रचार गरे, सायद त्यो अर्बौंको बजेटले पनि नपाइने विज्ञापन थियो । सरकारले यो महत्त्वपूर्ण पाटोलाई बेवास्ता गरेर पर्यटनको




विस्तारलाई नै पासो लगाएको छ । अभिव्यक्तिको एउटा माध्यम टिकटक बन्द गर्ने सरकारको निर्णय वाक् स्वतन्त्रताको अधिकारको उल्लैन पनि हो । टिकटकलाई कुन कानुनमा टेकेर प्रतिबन्धित गरियो भन्नेबारे सरकारले स्पष्ट पारेको छैन । वाक् स्वतन्त्रताजस्तो महत्त्वपूर्ण विषयमा सरकारले हचुवाका भरमा गरेको निर्णय संविधानसम्मत छैन । सरकारले सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याएकाले टिकटक बन्द गरेको तर्क गर्दै आएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले देशमा सामाजिक सद्भाव खलबल्याउन नपाउने कुरा संविधान र प्रचलित कानुनहरूमा रहेको र त्यही आधारमा टिकटक बन्द गरिएको दाबी गर्छिन्, तर टिकटक बन्द गर्ने सरकारको निर्णय संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको हकविपरीत भएको केही विज्ञले दाबी गर्दै आएका छन् । नेपालमा कुनै पनि सामाजिक सञ्जालको सेवाप्रदायक बन्द गर्ने कानुनी आधार छैन । टिकटकले मात्रै समाजमा विकृति फैलाएको पनि होइन, विकृति फैलाउन सघाउने फेसबुक, ट्विटरजस्ता अरू सामाजिक सञ्जाल पनि छन् । बन्द गर्नुको सट्टा तिनलाई नियमन गर्नुपर्ने हो । टिकटकको अवगुण छैन भन्ने किमार्थ होइन, तर त्यसको समाधान प्रतिबन्ध हुँदै होइन । अझ अरु सोसल मिडियालाई छाडेर टिकटक मात्रै बन्द गर्ने सरकारको कार्य हास्यास्पद छ । टिकटकमाथिको प्रतिबन्धले विश्व जनमतमा पारेको प्रभाव कति गम्भीर रहेछ भन्ने कुरा तेस्रो लगानी सम्मेलनबाट पनि स्पष्ट भएको छ । एकातिर टिकटकमाथि प्रतिबन्ध लगाइएको छ, अर्कोतिर टिकटकको माउ कम्पनी 'बाइटडान्स'लाई समेत लगानी सम्मेलनमा आमन्त्रण गरियो, यो लाजमर्दो कुरा हो । सोसल मिडियाका लगानीकर्ताहरू नेपालको नीति नियमदेखि दिक्क छन भनिन्छ एकातिर गरिन्छ अर्कोतिर । जसले गर्दा उनीहरू लगानी गर्न डराइरहेका छन् । लगानी सम्मेलन हुनुअघि संसारकै ठुलो सामाजिक सञ्जाल फेसबुक सञ्चालक कम्पनी मेटाका प्रतिनिधिले अर्थमन्त्री वर्षमान पुनसँग सामाजिक सञ्जालबारे लिइएका नीति-नियमप्रति प्रश्न उठाएका थिए ।

नेपाल सरकारले हालै सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्ने किसिमको निर्देशिका पारित गरेको थियो । साथै, विद्युतीय व्यापार नियमन गर्ने विधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधिसभामा विचाराधीन छ । यी दुई कानुन तथा निर्देशिकाबारे फेसबुकले अर्थमन्त्री पुनसँग चासो राखेका थिए । उक्त विधेयकमा फेसबुक, टिकटक र इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालबाट वस्तु तथा सेवाको व्यापार भइरहेकामा त्यसलाई कडाइ गर्ने किसिमका व्यवस्था छन् । विधेयकमा कुनै पनि विद्युतीय माध्यमबाट व्यवसाय गर्ने व्यवसायीले त्यसको दर्ता र सूचीकरण हुनुपर्ने तथा भ्याटमा दर्ता हुनुपर्ने व्यवस्था पनि छ । मेटाले चासो लिनुको कारण हो । मेटाका विभिन्न प्ल्याटफर्म फेसबुकको मार्केटप्लेस, इन्स्टाग्राम लगायतमा ठुलो परिमाणमा अनलाइन व्यापार हुनु । यस्ता सञ्जालमार्फत व्यापार गर्नेहरू सबैजसो साना व्यवसायी छन् । यो विधेयकले त्यस्तो व्यापारमा अंकुश लगाउने हो कि भन्ने चासो मेटाको थियो । यहीँनेर नेपालप्रति विदेशी लगानीकर्ताको धारणा प्रस्ट हुन्छ । आज एउटा कानुनअनुसार व्यवसाय गऱ्यो, भोलि कानुनी व्यवस्था नै परिवर्तन गर्ने वा कानुनको फरक व्याख्या गर्ने परिपाटी नेपालमा छ । जसबाट विदेशी लगानीकर्ताले नेपालको नीति-नियमलाई विश्वास गर्दैनन् । टिकटकमाथि प्रतिबन्धको निर्णय सामान्यजस्तो लाग्ला, तर यसले सरकारको नियत उदाङ्गो पारेकाले यसको गम्भीर असर पक्कै हुने देखिन्छ । त्यसो त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड टिकटकमाथिको प्रतिबन्ध फुकुवा गर्न सकारात्मक देखिएका छन् । १८ मंसिरमा केही सम्पादकसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले आफू टिकटकलाई प्रतिबन्धभन्दा नियमन गर्ने पक्षमा रहेको बताएका थिए ।

सामाजिक सञ्जालसम्बन्धी कानुनको मस्यौदा तयार हुँदै गरेको बताउँदै उनले त्यसमा नियमनका कुरा राखेर टिकटक खुला गर्न आफूलाई कुनै आपत्ति नभएको बताएका थिए । सरकारले आधिकारिक रूपमा टिकटक खुल्ने-नखुल्ने विषयमा कुनै निर्णय गरिसकेको छैन । टिकटक खुल्छ कि खुल्दैन अथवा कहिले खुल्छ भन्ने अझै यकिन छैन । टिकटकले पठाएको पत्रको जवाफ मन्त्रालयले इमेलमार्फत पठाइसकेको छ, टिकटकले हालसम्म कुनै ठोस प्रतिक्रिया दिइसकेको छैन । सरकारले सामाजिक सञ्जालको प्रयोग नियमन गर्ने निर्देशिका र अनलाइन व्यवसायमा कडाइ गर्ने कानुन ल्याएको छ । यो निर्देशिका अनुसार सामाजिक सञ्जाल सेवा प्रदायकहरूलाई नेपालमा दर्ता हुन भनिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकृत नभएका सेवा प्रदायकलाई 'जुनसुकै बखत बन्द गर्न सक्ने' व्यवस्था गरिएको छ । दर्ता भएका सेवा प्रदायकले प्रत्येक तीन वर्षमा इजाजत पत्रको नवीकरण गर्नुपर्ने र नेपालको कानुनविपरीतका विज्ञापन प्रयोगकर्ताकहाँ नआउने गरी अल्गोरिदम विकास गर्नुपर्ने भनिएको छ । सरकारले सामाजिक सञ्जाल निर्देशिका जारी भएको तीन महिनाभित्र नेपालमा कार्यालय नभएका प्लेटफर्म सञ्चालकले नेपालभित्र सम्पर्क बिन्दु खोल्नुपर्ने प्रावधान राखेको छ । नेपालमा प्रयोगमा रहेका फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालको सम्पर्क बिन्दु खोल्नुपर्ने प्रावधान सरकारले अघि सारेको हो । यस निर्देशिका अनुसार अब टिकटक लगायत सबै सामाजिक सञ्जालले नेपालमा दर्ता गर्नुपर्ने, सम्पर्क कार्यालय खोल्नुपर्ने लगायत प्रावधान मान्नुपर्ने हुन्छ । ती सामाजिक सञ्जालले दर्ता गर्लान् अथवा सम्पर्क कार्यालय खोल्लान् भन्ने ठुलो प्रश्न चिह्न खडा भएको छ । कसैले सरकारको उक्त निर्णयको खुलेर प्रशंसा गरिरहेका छन् भने कतिले कानुनी झन्झट सिर्जना गरेरभन्दा सजिलो नियम-कानुन बनाएर सूचनाप्रविधिको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय कम्पनीहरूलाई नेपालमा आउने वातावरण भए नेपालले लाभ लिन सक्ने धारणा व्यक्त गरिरहेका छन् ।

*-रातोपाटी डटकम*

# पढ्ने रहर पूरा गर्दै गृहिणी



**देउखुरी (दाङ),** जेठ ७/राप्ती गाउँपालिका-१ पाखापानीका लक्ष्मीदेवी कार्की ५३ वर्षको भइन । सानो उमेरमा पढ्न नपाएका कारण राप्ती-१ पुल्चोक भालुबाङमा रहेको श्री स्वर्गद्वारी प्राथमिक तथा गृहिणी महिला आधारभूत विद्यालयमा कक्षा ३ मा उनी भर्ना भएकी छन् । गत वर्षदेखि उनले पढाइ सुरु गरेकी हुन् ।

दुई छोरा र एक छोरीकी आमा कार्कीले सानो उमेरमा विवाह भएका कारण पढ्न पाएकी थिइनन् । 'सानैमा विवाह भयो, छोराछोरी हुर्काउँदै व्यापार-व्यवसाय गर्न व्यस्त भयौँ, अहिले छोरछोरी पनि हुर्किए, कमाई गर्ने भए व्यापार-व्यवसाय पनि छाडेर पढ्ने रहर पूरा गर्न थालेको छु', उनले भनिन् । कार्कीले पढेर जागिर खानलाई नभई दुई-चार अक्षर चिनेर लेख्न सकिएला भनेर पढ्न आएको बताइन । जेठो छोराबुहारी अमेरिका र कान्छो छोराबुहारी अष्ट्रेलिया रहेका उनले जानकारी दिइन । विदेशमा रहेका छोराबुहारीलाई मोबाइलमा म्यासेज लेख्न सक्ने भएको उनले बताइन । 'पढ्ने रहर धेरै थियो, समय मिलेको थिएन, अहिले फुर्सद निकालेर पढ्न आउँदा धेरै खुसी लागेको छ', उनले भनिन्, 'दिनभरिको समय सदुपयोग भएको छ, रहरले पढ्न थालेको भएर होला रमाइलो लागेको छ ।' शिक्षकले राम्रोसँग सिकाउने गरेको र नेपालीभन्दा अंग्रेजी सजिलो लाग्ने उनले बताइन । उनका अनुसार समयले साथ दिएमा १० कक्षा पूरा गर्ने इच्छा रहेको छ । बर्दिया घर भएकी पार्वती मगर २७ वर्ष भइन । ५ कक्षासम्मको पढाइ पूरा गरेकी उनी कामको सिलसिलामा दाङ आएकी हुन् । उनी पनि सोही विद्यालयमा कक्षा ८ मा अध्ययनरत छिन् । विवाह भएर बीचैमा पढाइ छुटेकाले पढ्ने रहर पूरा हुन नसकेको उनको भनाई । गृहिणी महिला विद्यालयमा आफूजस्तै पढाइ बीचैमा छुटेका महिलालाई पढाउने थाहा पाएपछि सोही विद्यालयमा भर्ना भएको पार्वतीले बताइन् । कक्षा २ मा पढ्ने छोरालाई विद्यालय पठाएर आफू पनि विद्यालय जाने गरेको उनको भनाई छ ।

**कक्षाकोठा अभाव**

कक्षा १ देखि ८ सम्ममा अध्ययन गर्ने गृहिणी विद्यार्थीलाई एउटै कोठामा राखेर पढाउनुपर्ने बाध्यता रहेको सोही विद्यालयका सहायक प्रधानाध्यापक रीमा रानाले बताइन । उनका अनुसार कक्षा कोठा अभाव भएका कारण ४ कक्षाका विद्यार्थीलाई एउटै कोठामा राखेर पढाउनुपर्ने बाध्यता रहेको छ । छुट्टाछुट्टै कक्षालाई एउटैमा राख्दा पढाउने शिक्षक र विद्यार्थीलाई असजिलो भएको सहायक प्रधानाध्यापक रानाले बताइन् ।

'उनीहरु सबैलाई एउटै कक्षामा राखेर पढाउने गरेका छौँ', उनले भनिन्, 'साना बच्चासँग राखेर पढ्दा गृहिणी विद्यार्थीले अप्ठेरो मान्ने भएका कारण उहाँहरुलाई अलग्गै राखेका हौँ, कक्षा कोठा अभाव भएकाले एउटै कोठामा राख्नुपर्ने बाध्यता रहेको छ ।' गृहिणी विद्यार्थीहरुलाई विद्यालयले किताब निःशुल्क दिएको छ । विद्यालय पोसाक अनिवार्य नभएकाले उनीहरुले आफ्नो अनुकूलको लगाउन्छन् । विसं २०६७ देखि गृहिणी विद्यार्थीका लागि पढाइ सुरु गरेको उनले बताइन । सुरु-सुरुमा ८०/८५ जनासम्म गृहिणी विद्यार्थी आउने गरेकामा यस वर्ष अहिलेसम्म २० गृहिणी विद्यार्थी अध्ययन गर्न आएको सहायक प्रअ रानाको भनाई छ । बिहान १० देखि अपराह्न ४ बजेसम्म पढाइ हुने सो विद्यालयमा कक्षा ८ सम्म पढाइ हुने गरेको उनले बताइन । रानाका अनुसार विद्यालयका शिक्षक सबै महिलामात्रै छन् ।

पहिले निजीमा रहेका शिक्षकलाई गाउँपालिकाले सेवासुविधा दिए पनि त्यो पर्याप्त नभएको उनले बताइन । केन्द्र, प्रदेश र स्थानीय सरकारको सहयोग मिलेमा विद्यालयलाई नमूना बनाउने लक्ष्य रहेको सहायक प्रधानाध्यापक राना बताउँछिन् । उमेर ढल्केसँगै विद्यालय आउन महिला विद्यार्थीलाई सम्मानका साथ शिक्षण सिकाइ गराउने गरेको र खाजाको व्यवस्था गरेको विद्यालयले जनाएको छ । *-रासस*

## विपक्षीको...

...संसदीय छानबिन समिति गठन गरेर सदन चलाउन आग्रह गर्दागर्दै पनि प्रधानमन्त्रीले अहिले नै विश्वासको मत लिनपर्ने कारण नरहेको काँग्रेसको ठहर छ । संसदीय इतिहासमा अनौठो नजिर स्थापित भएको काँग्रेसले जनाएको छ ।

सोमबार प्रधानमन्त्री प्रचण्डले विश्वासको मत मागिरहँदा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित विपक्षी दलहरूले चर्को नाराबाजी गरेका थिए । संसदको कामकारवाही अघि बढाउन सभामुख घिमिरेले विपक्षी दलहरूलाई आग्रह गरेका थिए । तर, उनीहरू आफ्नो अडानबाट पछि नहटेपछि सभामुख घिमिरेले विपक्षी दललाई पेलेरै सदन अघि बढाएका थिए । संसदीय छानबिन समिति गठनको माग गर्दै आएको कांग्रेसले संसद अवरोध गरेपछि पहिलो बैठक १५ मिनेटका लागि स्थगित भएको थियो । त्यसपछि बसेको बैठकमा प्रधानमन्त्रीले विश्वासको मतका लागि सदनमा प्रस्ताव पेश गरेका थिए । काँग्रेससहित विपक्षी दलहरूले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्न संसदीय छानबिन समितिको माग गर्दै बैठक अवरोध गरेका हुन् ।

## गुमेको आँखाको...

...अप्रेसन गरेका सबै नागरिकहरु मन मस्तिष्कसम्म खुसी बनाउन एक/एक वटा ओढ्ने बलाङ्केट समेत प्रदान गरिएको स्वास्थ्य शाखा प्रमुख अधिकारीले बताए । नेपाल नेत्र ज्योती संघ पाल्पा लायन्स लाकौल आँखा अस्पतालका व्यवस्थापक सन्तोष दर्जीले आँखाको शल्यक्रिया गरेपछि नियमित हेरचाह तथा नियमित आई ड्रप लगाउने, धुलो धुवामा नजाने जस्ता काम गरेमा लामो समयसम्म आँखा देख्न सकिने बताए ।

म बनाउछु मेरो रिब्दीकोट अन्तर्गत नवयुवा बचत समुह खस्यौलीले शल्यक्रियाको लागी आएका विरामी, आफन्त तथा कुरुवा, चिकित्सक, नर्सहरुको सहयोगको लागी निशुल्क रुपमा खानेपानी, जुस खाजा, खानाको व्यबस्थापन गरेको थियो । म बनाउछु रिब्दीकोट कार्यक्रम अर्न्तगत पालिकाले समय-समयमा विविध किसिमका स्वास्थ्य शिविर, नियमित रुपमा सरसफाई कार्यक्रम, प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित रुपमा थरि-थरीका विशेषज्ञ उपचार सेवा, श्रमिकहरुलाई सम्मान, कपडा बैक सञ्चालन जस्ता जनताको मन छुने कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । गाउँपालिकाले निकै राम्रो अभियान ल्याएको छ, पालिका भरीका आखाँ नदेख्नेले आखाँ देख्न पाएका छन्, जेष्ठ नागरिकलाई आँखाको अप्रेसनसँगै उपहारको रुपमा बलाङकेट बाडेर बृद्धबृद्धाहरुको मन जितेको कुसुमखोलाका मेघराज आचार्यले बताए ।

**खेलकुद समाचार**

## प्रिमियर लिगको उपाधि म्यानचेस्टर सिटीले जित्यो



काठमाडौं, जेठ ७/इंग्लिश प्रिमियर लिगको उपाधि म्यानचेस्टर सिटीले जितेको छ । प्रिमियर लिगको अन्तिम खेलमा वेस्ट ह्यामलाई ३-१ ले हराएर सिटीले लगातार चौथो पटक उपाधि जितेको हो । आर्सनललाई २ अंकले पछि पार्दै सिटीले कीर्तिमानी लिग उपाधि जितेको हो । लगातार चार पटक एउटै टोलीले लिग उपाधि जितेको यो इतिहासमा पहिलो पटक हो ।

म्यानचेस्टर सिटीको जितमा फिल फोडेनले खेलको दोस्रो मिनेट मै गोल गरेका थिए । यस्तै उनले खेलको १८ मिनेटमा अर्को गोल थपे । खेलको ५९ औं मिनेटमा रोड्रिले गोल गरे । वेस्ट ह्यामका लागि भने मोहम्मद कुडुसले खेलको ४२ औं मिनेटमा गोल गरेपछि अर्को गोल हुन सकेन ।

अर्को खेलमा आर्सनलले एभर्टनलाई २-१ ले हराएको थियो । तर उपाधिका लागि पर्याप्त भएन । म्यान्चेस्टर सिटीले ३८ खेलमा २८ जित, ७ बराबरी र ३ हारसहित ९१ अंक बटुल्यो । आर्सनलले भने ३८ खेलमा २८ जित, ५ बराबरी र ५ हार सहित ८९ अंकमा दोस्रो स्थानमा चित्त बुझाउनु पऱ्यो ।

यसैगरी अरु खेलमा म्यान्चेस्टर सिटीले ब्राइटनलाई २-० ले हरायो । लिभरपुलले उल्भ्सलाई पनि २-० ले हरायो । तेस्रो स्थानको लिभरपुलको ३८ खेलमा ८२ अंक रहेको छ । यस्तै चेल्सीले बर्नमाउथलाई २-१ ले हराएको थियो भने टोटनहमसंग सेफिल्ड युनाईटेड ३-० ले पराजित भएको थियो ।

अर्को खेलमा क्रिष्टल प्यालेसले एस्टन भिल्लालाई ५-० ले हराएको थियो । न्यु क्यासलले ब्रेन्टफोर्डलाई ४-२ गोल अन्तरले हरायो । यसैगरि फुलह्यामसँग लुटन टाउन ४-२ ले पराजित भयो । नटिङगम फरेस्टले बर्नलीलाई २-१ ले हरायो ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८१/०१/०६ गते बर्तुङ्देखि तानसेन आउँने क्रममा तानसेन-३, टक्सार, पाल्पा बस्ने निशा उदयको प्लस टु को माईग्रेसन सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** निशा उदय
**ठेगाना :** तानसेन-३, टक्सार, पाल्पा
**रजिष्ट्रेसन नम्बर :** ६४४७०८०७९
**सिम्बल नं. :** ३४७०८०१५
**सम्पर्क नं. :** ९८४७३०८९१९

**अर्थ/कर्पोरेट समाचार**

## नेप्से साढे २७ अंकले बढ्यो



**पाल्पा,** जेठ ७/ सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार २७. दशमलव ५४ अंकले बढेको छ । अघिल्लो दिन ४५ दशमलव ६९ अंकले बढेको नेप्से सोमबार पनि २७ दशमलव ५४ अंकले बढेको हो । नेप्से बढेरसँगै २ हजार ९२ अंकमा उक्लेको छ । अघिल्लो दिनको तुलनामा यो १ दशमलव ३३ प्रतिशतले बढी हो । सोमबार नेप्से परिसूचकसँगै कारोबार रकममा पनि उल्लेख्य सुधार भएको छ । उक्त दिन झण्डै ८१ हजार वटा कारोबारमा १ करोड ४३ लाख ७० हजार ६ सय ८९ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ५ अर्ब ८५ करोड ४३ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । आइतबार ५ अर्ब २५ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो ।

सोमबार कारोबारमा आएकामध्ये १ सय ३४ वटा कम्पनीको सेयर मूल्य बढ्यो, १ सय ७ वटाको घट्यो र बाँकी ५ वटा कम्पनीको सेयर मूल्य स्थिर छ । यसदिन वित्त, जीवन बीमा, निर्जिवन बीमा, उत्पादनमूलक र लघुवित्त बाहेका समूहले समग्र परिसूचक बढेको हो । वाणिज्य बैंक समूहको परिसूचक सबै भन्दा धेरै ४ दशमलव एक आठ प्रतिशतले बढेको छ । व्यापार समूहको परिसूचक २ दशमलव दुई तीन प्रतिशतले बढ्दा लगानी समूहको परिसूचक पनि करिब २ प्रतिशतले बढेको छ । यस्तै, जलविद्युत र म्युचुअल फण्ड समूहको परिसूचक एक प्रतिशत भन्दा धेरैले बढ्दा बाँकी बढेका समूहको परिसूचक एक प्रतिशत भन्दा कमले बढेका छन् ।

सोमबार नेप्से परिसूचक र कारोबार रकम दुवैमा वृद्धि आउँदा ४ वटा कम्पनीको शेयर मूल्य बढेर सर्किट लागेको छ । यसरी सकारात्मक सर्किट लाग्नेमा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र नेरुडे मिरमिरे लघुवित्त वित्तीय संस्था लिमिटेड छन् । यस्तै, बाराही हाइड्रोपावर पब्लिक लिमिटेड र एनआईसी एशिया बैंकको शेयर मूल्य पनि ९ प्रतिशत भन्दा धेरैले बढेको छ ।


## बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई. सम्पादक:जगदीशप्रसाद भट्टराई